# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ माघ ६ गते

## देशको शान्ति-सुरक्षा र मानव अधिकारको अवस्थाबारे गृह सचिव र सुरक्षा निकायका प्रमुखहरूसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले गृह मन्त्रालयका सचिव सूर्यप्रसाद सिलवाल, नेपाल प्रहरीका महानिरीक्षक उपेन्द्रकान्त अर्याल तथा सशस्त्र प्रहरी बलका महानिरीक्षक कोषराज वन्तलाई बोलाई देशको शान्ति-सुरक्षा र मानव अधिकारको समग्र अवस्थाबारे जानकारी लिएको छ ।

सो अवसरमा आयोगका अध्यक्ष अनुपराज शर्मा तथा सदस्यहरूले देशमा असहज अवस्था आइरहेको वर्तमान घडीमा शान्ति-सुरक्षा र मानव अधिकारको समग्र अवस्थाबारे जिज्ञासा राख्नुभएको थियो ।

उहाँहरूले बाँके, बर्दिया, सुर्खेत, दार्चला र सिन्धुपाल्चोक (जुरे) का बाढी-पहिरो पीडितले सही समयमा उचित राहत पाउन नसेकोबारे जिज्ञासा राख्नुभएको थियो ।

यसका अतिरिक्त उहाँहरूले बजारमा अझै पनि एलपी ग्यास उपलब्ध हुन नसकेको तथा कतिपय ठाउँमा तोकिएकोभन्दा बढी मूल्यमा ग्यास बिक्री भइरहेको पाइएको जानकारी दिँदै त्यसको कारण सोध्नुभएको थियो ।

गृह मन्त्रालयका सचिव सूर्यप्रसाद सिलवाल, नेपाल प्रहरीका महानिरीक्षक उपेन्द्रकान्त अर्याल तथा सशस्त्र प्रहरी बलका महानिरीक्षक कोषराज वन्तले आफ्नो क्षेत्रबाट सम्पादन भइरहेको कार्यबारे जानकारी दिनुभएको थियो ।

मोहना अन्सारी
प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org